# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८३।०४।१२ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला धनुषा, विदेह नगरपालिका वडा नं. ५ का वडा अध्यक्षले भारत सरकारको सहयोगमा एक थान एम्बुलेन्स प्राप्त गरी सो एम्बुलेन्स वडा कार्यालयमा दाखिलासमेत नगरेको तथा एम्बुलेन्स सञ्चालन गरी सरकारी कोषमा दाखिला गर्नुपर्ने रकम दाखिला नगरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा **जिल्ला धनुषा, विदेह नगरपालिका वडा नं. ५ का पूर्व वडा अध्यक्ष विजय कुमार यादव**ले भारतीय राजदुतावास, लैनचौर, काठमाडौंसँग मिति २०७७/०६/१४ को सम्झौताबाट वडा बासीहरूलाई सेवा सुविधा उपलब्ध गराउन भनी नि:शुल्क रूपमा एम्बुलेन्स प्राप्त गरी उक्त एम्बुलेन्सलाई वडा कार्यालयको जिन्सी विवरणमासमेत आम्दानी नबाँधी आफ्नै नियन्त्रणमा राखी एम्बुलेन्स सेवा सञ्चालन गरेको, उक्त एम्बुलेन्सबाट प्रदान भएको सेवा के-कति किलोमिटर यात्रा सेवा नि:शुल्क प्रदान भएको, के-कति किलोमिटर यात्राको सेवामा शुल्क उठाएको र के-कति इन्धन खर्च एम्बुलेन्स सेवा प्रवाहमा भएको भन्ने कुनै प्रमाण तथ्य विवरण खुल्ने कागजात एवं एम्बुलेन्स सञ्चालनको लगबुकसमेत राखेको नदेखिएको, सेवा सञ्चालनबाट प्राप्त आम्दानी र सो खर्चको हिसाबकिताब पालिकामासमेत दाखिला नगरेको, उक्त एम्बुलेन्स सरकारी सार्वजनिक सम्पत्ति हो भन्ने जानी जानी वदनियतपूर्वक आफ्नो निजी सवारी साधन सरह आफ्नै नियन्त्रणमा राखी गैरकानुनी लाभ लिने उद्देश्यले आफूखुशी भाडा शुल्क उठाई निजले ३ वर्ष ५ महिनामा ३०१८५ किलोमिटर गुडाएको देखिंदा नेपाल रेडक्रस सोसाईटी, धनुषाले मिति २०७८/०२/०४ मा प्रकाशन गरेको एम्बुलेन्स सेवाको जिल्ला दररेट अनुसारको कच्ची बाटोमा गुडेको भाडा दर अनुसार जम्मा रकम रू.१५,०९,२५०/- (पन्ध्र लाख नौं हजार दुई सय पचास रूपैंया) सार्वजनिक सम्पत्ति हिनामिना, हानिनोक्सानी गरेको स्थापित भएकोले निजलाई देहायबमोजिमको कसुरमा देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहायः**

| क्रस | नामथर पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | जिल्ला धनुषा, विदेह नगरपालिका वडा नं. ५ का **पूर्व वडा अध्यक्ष विजय कुमार यादव** | रू.१५,०९,२५०/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले बिगो रू. पन्ध्र लाख नौं हजार दुई सय पचास रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना हुन साथै निजले उक्त |

| | | | |
|---|---|---|---|
| | | | एम्बुलेन्सको सेवा वापत आम्दानी गरेको रकम र सोको ब्याजसहित भनी अनुसन्धान अवधिमा कानुनी कारवाहीबाट उन्मुक्ति लिने उद्देश्यले रू.३,८१,५९७।- (तीन लाख एकासी हजार पाँच सय सन्तानब्बे रूपैंयाँ) दाखिला गरेको देखिएकोले बिगोबाट उक्त रकम घटाउँदा असुल उपर गर्नुपर्ने बिगो रकम रू.११,२७,६५३/- (एघार लाख सत्ताईस हजार छ सय त्रिपन्न रूपैंया) सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम असुल उपर हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने